## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०५/२६ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु नरहरिनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कालिकोटको तत्कालिन निमित प्रमुख प्रशासकीय अधिकृत **दुर्गालाल न्यौपाने** समेत ८ जना मु.नं (०८२-CR-००४५)<br>फैसला मिति २०८२/११/२५ | सिंचाई कुलो निर्माण योजनामा गैरकानुनी लाभहानी समेत गरी गराई भ्रष्टाचार गरेको भन्ने समेत। | **आयोगको माग दावी**<br>• **नरहरिनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कालिकोटको तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत दुर्गालाल न्यौपाने, सव-इन्जिनियरहरु अमर शाही र अनिल कुमार बिष्टलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय (ग) र (ङ) बमोजिमको कसूरमा बिगो रु.१९,४८,४८८।१४ (अक्षरेपी उन्नाईस लाख अठचालिस हजार चार सय अठासी रुपैंया चौध पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन र निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन समेत मागदावी समेत लिइ आरोप पत्र दायर भएको देखिन्छ।<br>• **नरहरिनाथ गाउँपालिका कालिकोटको तत्कालिन उपाध्यक्ष मनसोभा बुढा र वडा नं. ७ को तत्कालिन वडा अध्यक्ष दल बहादुर बिश्वकर्मालाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदावी लिइ आरोप पत्र दायर भएको देखिन्छ।<br>• **नरहरिनाथ गाउँपालिका वडा नं. ७ स्थित ओगडेनी सिरुपाटा हुँदै उच्छव आडिखोला सम्म सिंचाइ कुलो निर्माण उपभोक्ता समितका अध्यक्ष नरेश बहादुर शाही, सचिव कासी बिश्वकर्मा र कोषाध्यक्ष मधु बिश्वकर्मालाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा बिगो रु.१९,४८,४८८।१४ (अक्षरेपी उन्नाईस लाख अठचालिस हजार चार सय अठासी रुपैंया चौध पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदावी लिई विशेष अदालत समक्ष आरोप पत्र दायर भएको देखिन्छ।<br>**<u>फैसला</u>**<br>• आरोपदाबीको काम सम्पन्न भएको भन्दा बढी भुक्तानी भएको उक्त रकम मुद्दा अनुसन्धानको क्रममा सम्बन्धित उपभोक्ता समितिबाट नेपाल सरकारको बेरुजु खातामा जम्मा भैसकेको देखिँदा प्रस्तुत मुद्दामा आरोपदाबीको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ग) | **फैसलाः**<br>प्रतिवादीहरुलाई आशिंक सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८०/११/१२ गते स्थलगत नापजाँच गरी पेश भएको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनमा अभियोग दावीको काम सम्पन्न भएको भन्दा रु.१९,४८,४८८/१४ बढी भुक्तानी भएको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। सोही बमोजिम फरक परेको रकम रु.१९,५०,०००/- र सोको १०% दरले हुने ब्याजसमेत जम्मा रु.२७,४३,०००/- उक्त उपभोक्ता समितिले बैंक भौचर नं. ८२१६२६१६ बाट मिति२०८२/०२/०६ गते अर्थात् प्रस्तुत मुद्दा दायर हुनुभन्दा अगावै राजस्व खातामा दाखिल गरेको देखिएको।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१३) मा "उपभोक्ता समितिले आफूले प्राप्त गरेको रकम दुरुपयोग गरेको पाइएमा सम्बन्धित सार्वजनिक निकायले छानबिन गरी त्यस्तो रकम उपभोक्ता समितिको पदाधिकारीहरुबाट दामासाहीले सरकारी बाँकी सरह असुल उपर गर्नुपर्नेछ..." भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। सोही परिप्रेक्ष्यमा आरोपदाबीको काम सम्पन्न भएको भन्दा बढी भुक्तानी भएको उक्त रकम मुद्दा अनुसन्धानको क्रममा सम्बन्धित उपभोक्ता समितिबाट नेपाल सरकारको बेरुजु खातामा जम्मा | • जिल्ला कालिकोट, नरहरिनाथ गाउँपालिका वडा नं. ०७ स्थित ओगडेनी सिरुपाटा हुँदै उच्छव आडिखोला सम्म सिंचाइ कुलो निर्माण योजनाको लागि आ.व. २०७७।०७८ मा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नरहरिनाथ गाउँपालिकाबाट रु.४२,८४,०००।- (अक्षेरुपी बयालिस लाख चौरासी हजार) विनियोजन भई मिति २०७८।०३।१० गते सम्म कार्य सम्पन्न गर्ने गरी मिति २०७७।१२।२८ गते नरेश बहादुर शाही अध्यक्ष, कासी वि.क. सचिव र मधु वि.क. कोषाध्यक्ष रहेको ओगडेनी सिरुपाटा हुँदै उच्छव आडिखोला सम्म सिंचाइ कुलो निर्माण उपभोक्ता समिति र नरहरिनाथ गाउँपालिका बीच उक्त सिंचाइ कुलोको सम्झौता गर्दा उपभोक्ता समितिका तर्फबाट नरेश ब. शाही, कासी वि.क. र मधु वि.क र नरहरिनाथ गाउँपालिकाबाट निमित्त प्रमुख प्रशासकीय अधिकृत दुर्गालाल व्यौपाने दस्तखत गरेको मिसिल संलग्न उक्त योजनासँग सम्वन्धित प्रमाण कागजातहरुवाट देखिन्छ। उल्लिखित निर्माण कार्यको लागत अनुमान रु.४३,२६,८४०।०० (वर्क चार्ज/स्टाफ खर्च सहित) (अक्षेरुपी त्रिचालिस लाख छब्बिस हजार आठ सय चालिस) तयार/चेक/स्वीकृत गर्नेमा सव इन्जिनियर अनिल कुमार विष्ट, इन्जिनियर निरक कुमार शाह र निमित्त प्रमुख प्रशासकीय अधिकृत दुर्गालाल न्यौपाने रहेको मिशिल संलग्न कागजातमा उल्लेखित दस्तखतवाट देखिन्छ। नापी किताब तयार गर्नेमा उपभोक्ता समितिका अध्यक्ष नरेश बहादुर शाही, नापी गर्नेमा सव इन्जिनियर अमर शाही, जाँच गर्नेमा सव इन्जिनियर अनिल कुमार विष्ट र प्रमाणित गर्नेमा निमित्त प्रमुख प्रशासकीय अधिकृत दुर्गालाल न्यौपानेको तथ्य निजहरुको हस्ताक्षरवाट देखिन्छ भने कार्य सम्पन्न प्रतिवेदन तयार गर्नेमा सव इन्जिनियर अमर शाही, जाँच गर्नेमा सव इन्जिनियर अनिल कुमार विष्ट र स्वीकृत गर्नेमा निमित्त प्रमुख प्रशासकीय अधिकृत दुर्गालाल न्यौपानेको हस्ताक्षर रहेको देखिन्छ। मिति २०७८।०३।२२ को भुक्तानी रकम दिने सम्बन्धमा उठेको ठिप्पणी आदेशमा तयार पार्नेमा योजना शाखा प्रमुख रित बहादुर रावत, जाँच गर्नेमा सव इन्जिनियर अनिल कुमार विष्ट र स्वीकृत गर्ने निमित्त प्रमुख प्रशासकीय अधिकृत दुर्गालाल न्यौपाने, मिति २०७८।०३।२३ गतेको गोश्वारा भौचर नं.४३ तयार गर्नेमा लेखापाल रमेश के.सी. र स्वीकृत गर्नेमा निमित्त प्रमुख प्रशासकीय अधिकृत दुर्गालाल न्यौपानेको दस्तखत रहेको देखिन्छ। गाउँपालिका स्तरीय अनुगमन समितिको सुपरीवेक्षण तथा अनुगमन समितिको प्रतिवेदनमा दस्तखत गर्नेमा गाउँपालिकाका उपाध्यक्ष मनसोभा बुढा, वडा अध्यक्ष दल बहादुर वि.क. समेतको दस्तखत रहेको देखिदा प्रतिवादीहरुको सामुहिक संलग्नताको आधारमा भ्रष्चारजन्य कसूर भएको तथ्य स्थापित भएको देखिन्छ।<br>• उक्त ओगडेनी सिरुपाटा हुदैं उच्छव ओडीखोला सम्म सिंचाइ कुलो निर्माण योजनामा पालिकाकाका पदाधिकारी, कर्मचारी एवं उपभोक्ता समिति समेतले आपसी मिलेमतो जाल प्रपञ्च गरी सम्झौता मुताविक ९३० मिटर लम्वाइको पक्की कुलो निर्माण गर्नुपर्नेमा ३५४ मिटर लम्बाइको मात्र कुलो निर्माण गरी ७३० मिटर लम्बाइको कुलो निर्माण भएको भनी सोही परिमाणको मूल्याङ्कन गरी, नापी उठाई रु.१९,४८,४८८।१४ (अक्षरेपी अक्षरेपी उन्नाईस लाख अठचालिस हजार चार सय अठासी रुपैंया चौध पैसा) बराबरको रकम वास्तविक काम भन्दा बढी मूल्याङ्कन गरी भुक्तानी गरेर भ्रष्टाचार गरे गराएको तथ्य रहेको प्रस्तुत मुद्दामा नरहरिनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कालिकोटको तत्कालिन सव इन्जिनियर अनिल कुमार विष्ट, सव इन्जिनियर अमर शाहीले नापी किताबमा सिंचाइ कुलोको सोलिङ्ग, Dry masonry Wall र कुलोको ढलान तथा डन्डी समेतको कम काम भएकोमा बढी परिमाण भएको भनी नापी किताबमा चढाई बढी मूल्याङ्कन गरी मनासिब कारण बिना निर्माण कार्यको आकार, रुप परिवर्तन गरेको, निर्धारित शर्त तथा मापदण्ड विपरित निर्माण कार्य गर्ने गराउने कार्य गरेको, अनुगमन समितिको संयोजक नरहरिनाथ गा.पा.का तत्कालिन उपाध्यक्ष मनशोभा बुढा र ७ नं. वडाका वडाध्यक्ष दल बहादुर विश्वकर्माले योजनाको निर्माण कार्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (ङ) तथा दफा ८(४) को अवस्था बिद्यमान रहेको देखिएन।<br>• प्रतिवादीहरु मध्ये अनिल कुमार विष्ट र अमर शाहीलाई आरोपदाबी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) बमोजिमको कसूरमा जनही ३ महिना कैद र रू १०,०००।- (दश हजार) जरिबानाको सजाय हुने ठहर भएको।<br>• अन्य सम्पूर्ण प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ भनी फैसला भएको देखिन्छ। | भैसकेको देखिँदा प्रस्तुत मुद्दामा आरोपदाबीको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ग) (ङ) तथा दफा ८(४) को अवस्था बिद्यमान रहेको नदेखिएको।<br>• प्रतिवादीहरु गा.पा. उपाध्यक्ष मनोशोभा बुढा र वडा अध्यक्ष दल बहादुर बि.क.ले गरेको सार्वजनिक परीक्षण प्रतिवेदन तथा भुक्तानीको सिफारिस साथै प्रशासकीय अधिकृतको हैसियतमा प्रतिवादी दुर्गालाल न्यौपानेले गरेको रकम भुक्तानी आदेशको मूल आधार प्राविधिक मुंल्याकन तथा कार्य सम्पन्नताको प्रतिवेदन रहेको देखिएको र सो प्राविधिक प्रतिवेदन पेश गर्ने कार्यमा यि प्रतिवादीहरुको संलग्न रहेको नदेखिएको। | सम्पन्न भएको भनी योजनाको अनुगमन गरी पत्रद्वारा भुक्तानीको लागि गलत सिफारिस गरेको, उक्त योजनाको नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदनमा तत्कालिन निमित्त प्रमुख प्रशासकीय अधिकृत दुर्गालाल न्यौपानेले प्रमाणित/स्वीकृत गरी सहीछाप समेत गरेकोमा सोही कागजातका आधारमा भुक्तानीको टिप्पणी तयार भई कार्यालय प्रमुख/प्रमुख प्रशासकिय अधिकृत दुर्गालाल न्यौपानेबाट स्वीकृत भई सोही बमोजिमको भुक्तानीको भौचर तयार गरी गराई सदर गरी उपभोक्ता समितिका अध्यक्ष नरेश बहादुर शाही, सचिव कासी वि.क, कोषाध्यक्ष मधु वि.क.को संयुक्त दस्तखतवाट चल्ने बैक खातामा भए गरेको काम भन्दा अस्वभाविक बढी रकम रु.१९,४८,४८८।१४ (अक्षरेपी अक्षरेपी उन्नाईस लाख अठचालिस हजार चार सय अठासी रुपैंया चौध पैसा) भुक्तानी गरे गराएको र उपभोक्ता समितिका अध्यक्ष नरेश बहादुर शाही, कोषाध्यक्ष मधु विश्वकर्मा र सचिव कासी विश्वकर्मा समेतले उक्त रकम बैंकबाट झिकि प्रतिवादीहरुले प्रयोग प्रचलनमा समेत ल्याएको तथ्य स्थापित भएको देखिन्छ। प्रतिवादीहरु नरहरिनाथ गाउँपालिकाका तत्कालिन उपाध्यक्ष मनशोभा बुढा, निमित्त प्रमुख प्रशासकिय अधिकृत दुर्गालाल न्यौपाने, ७ नं. वडाका वडाध्यक्ष दल बहादुर विश्वकर्मा, सव इन्जिनियर अनिल कुमार विष्ट, सव इन्जिनियर अमर शाही, उपभोक्ता समितिका अध्यक्ष नरेश बहादुर शाही, कोषाध्यक्ष मधु विश्वकर्मा र सचिव कासी विश्वकर्मा समेतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) समेतको कसूरजन्य कार्य गरेको तथ्य स्थापित भएको देखिदा देखिदै सो प्रमाणकागजहरुलाई नजरअन्दाज गरि प्रतिवादीहरुलाई सफाई हुने ठहर गरि भएको फैसला त्रुटिपुर्ण देखिदा बदरभागी छ।<br>• प्रस्तुत मुद्दामा अदालतबाट फैसला गर्दा, आरोपदाबीको योजनाको रकम भुक्तानीको हकमा सम्बन्धित प्राविधिकबाट पेश हुने स्थलगत नापी किताब तथा मूल्यांकन सहितको प्राविधिक नाप सम्पन्न प्रतिवेदन नै सो भुक्तानीको प्रमुख आधार हुने र सो बमोजिमको आरोप दावीको आयोजनाको स्थलगत जाँचबुझ गरी नापी किताब तथा मुल्यांकन सहितको कार्य सम्पन्नताको प्राविधिक प्रतिवेदन पेश गर्ने दायित्व तत्काल सव इन्जियर पदमा कार्यरत प्रतिवादीहरु अनिल कुमार विष्ट र अमर शाहीमा रहेको देखिन्छ। यसरी फिल्डमा भएको वास्तविक कार्य भन्दा बढीको प्राविधिक नापी तथा मूल्यांकन प्रतिवेदन पेश गर्ने कार्य सव इञ्जिनियर प्रतिवादीहरु अनिल कुमार विष्ट र अमर शाही बाट भएको देखिँदा निज प्रतिवादीहरूले आरोपदाबी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) बमोजिमको कसूर गरेको ठहर्छ भनी कसूर भएको विषयलाई अदालतबाट समेत नकार्न सकेको अवस्था छैन। आरोपित मध्ये केही प्रतिवादीहरु अनिल कुमार विष्ट र अमर शाहीलाई गलत प्रतिवेदन दिएको कसूरमा सजाय समेत भएको अवस्थामा भ्रष्टाचारजन्य उक्त कार्यमा संलग्न अन्य प्रतिवादीहरु गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दुर्गालाल न्यौपाने, गाउँपालिका उपाध्यक्ष मनशोभा बुढा र वडा अध्यक्ष दल बहादुर बि.क लाई सफाई दिने ठहर गरी फैसला भएको देखियो। यसै सन्दर्भमा, नेपाल सरकार वि. रेशम चौधरीसमेत भएको (मुद्दा नं.२०७७-CR-१०७५ को प्रकरण नं.३४८) मा "**एउटै कसुरमा कसैलाई कारबाही र सजाय गर्ने, कसैलाई उन्मुक्ति दिँदा समाजमा व्यास "ठुलालाई चैन, सानालाई ऐन" भन्ने भनाई चरितार्थ हुन पुग्छ।..... कसुरदारलाई फौजदारी कसुरबाट सृजित दायित्वबाट उन्मुक्ति दिएमा फौजदारी न्याय मर्छ**" (मुद्दा नं.२०७७-CR-१०७५ को प्रकरण नं.३४८) भनी सम्मानीत सर्वोच्च अदालतबाट भएको फैसलाको मर्मको बर्खिलाप हुने गरी भएको प्रस्तुत फैसला बदरभागी छ।<br>• फिल्डमा वास्तविक रुपमा भए गरेको कार्यभन्दा बढी तथा नभए नगरेको कार्यसमेत गरेको भनी गैरकानूनी लाभ प्राप्त गर्ने बदनियतले तयार गरेको झुट्टा नापी किताब र झुट्टा कार्य सम्पन्न प्रतिवेदन तथा मनासिव कारण बिना निर्माण कार्यको आकार परिवर्तन गर्ने, निर्धारित शर्त तथा मापदण्ड विपरित निर्माण कार्य गर्ने, गराउने र त्यस्तो निर्माण कार्यलाई शर्त तथा मापदण्ड बमोजिम भएको हो भनी स्वीकृत/प्रमाणित गरी आफूहरुलाई गैरकानुनी लाभ पुऱ्याउने र नरहरिनाथ गाउँपालिकालाई गैरकानुनी हानी नोक्सानी पुऱ्याउने बद्नीयतले रु.१९,४८,४८८।१४ (अक्षरेपी उन्नाईस लाख अठचालिस हजार चार सय अठासी रुपैंया चौध पैसा) रकम |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | उपभोक्ता समितिलाई बढी भुक्तानी दिए दिन लगाएको तथ्य पुष्टि भइरहेको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय (ग) र (ङ) बमोजिमको कसूरमा कसूरदार ठहर नगरी प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाई दिने ठहर गरी भएको फैसला प्रमाण मूल्यांकनको रोहमा बदरभागी छ।<br>• फिल्डमा भएको वास्तविक कार्य भन्दा बढीको प्राविधिक नापी तथा मूल्यांकन प्रतिवेदन पेश गर्ने कार्यलाई गलत ठहर गरी उक्त प्रतिवेदन तयार गर्ने सव-इन्जिनियरहरुलाई कसूर ठहर समेत भएको अवस्थामा उक्त गलत प्रतिवेदनको जरियाबाट स्वीकृत/प्रमाणित गरी आफूहरुलाई गैरकानुनी लाभ पुऱ्याउने र नरहरिनाथ गाउँपालिकालाई गैरकानुनी हानी नोक्सानी पुऱ्याउने कार्यमा संलग्न प्रतिवादीहरुलाई कसूरबाट अदालतबाट सफाई दिँदा परिप्रेक्ष्यमा आरोपदाबीको काम सम्पन्न भएको भन्दा बढी भुक्तानी भएको उक्त रकम मुद्दा अनुसन्धानको क्रममा सम्बन्धित उपभोक्ता समितिबाट नेपाल सरकारको बेरुजु खातामा जम्मा भैसकेको देखिँदा प्रस्तुत मुद्दामा आरोपदावीको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ग) (ङ) तथा दफा ८(४) को अवस्था विद्यमान रहेको नदेखिएको भनी आधार ग्रहण गरी सफाई दिने ठहर गरेको देखियो। यसै सन्दर्भमा, ***श्री सर्वोच्च अदालतबाट प्रदिपकुमार नकर्मी विरुद्ध नेपाल सरकार (ने.का.प.२०७७, अंक १, निर्णय नं.१०४१५) मा*** *"कुनै कसुर गरेको कारण कानुनमै देवानी र फौजदारी दुवै दायित्व बहन गर्नुपर्ने भनी उल्लेख भएको अवस्थामा केवल देवानी दायित्व पुरा गरेका कारणले मात्र फौजदारी दायित्वबाट उन्मुक्ति पाउने भनी अर्थ गर्न मिल्दैन। फौजदारी कसुरमा कसुरदारले बहन गर्नुपर्ने देवानी र फौजदारी दायित्वहरु फरक फरक दायित्वहरु हुन। कानूनी व्यवस्थाले नै देवानी र फौजदारी दुवै दायित्वहरु बाध्यकारी हुने भनी उल्लेख गरेको अवस्थामा ऐच्छिक रुपमा देवानी वा फौजदारी दायित्वमध्ये कुनै एक दायित्व बहन गर्दा पर्याप्त हुने भनी व्यख्या गर्न नमिल्ने। कसूर गरेको समयमा कसूरदारले गरेको कार्यबाट नै फौजदारी दायित्व बहन गर्नुपर्ने हुन्छ। कसूर गरेको भनी लगाईएको अभियोग दावी प्रमाणबाट समर्थित भईसकेपछि तिर्नुपर्ने रकम दायित्व बहन गरिरहेको छु भनी हानी नोक्सानी भएको बिगोसम्म दाखिल गर्ने रकम दायित्व बहन गरिरहेको छु भनी हानी नोक्सानी भएकोसम्म दाखिल गर्ने प्रयोजनका लागि भएका कार्यहरुबाट फौजदारी दायित्वबाट उन्मुक्ति प्राप्त नहुने..."* भन्ने सिद्धान्त प्रतिपादन भएको अवस्थामा उक्त नजिर सिद्धान्तको प्रतिकुल भएको प्रस्तुत फैसला कानुन र न्यायको मान्य सिद्धान्तको रोहबाट त्रुटिपूर्ण देखिंदा बदरभागी छ।<br>• अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुलाइ हेर्दा, यी प्रतिवादीहरु दुर्गालाल न्यौपाने, अनिल कुमार विष्ट, अमर शाही, मनसोभा बुढा, दल बहादुर विश्वकर्मा, नरेश बहादुर शाही, कासी विश्वकर्मा र मधु विश्वकर्मालाई आरोप मागदावी बमोजिम सजाय गर्नु पर्नेमा मिशिल संलग्न प्रमाणहरुको समुचित विवेचना नगरि प्रतिवादीहरु मध्येका अनिल कुमार विष्ट र अमर शाहीको हकमा मात्र आंशिक रुपमा भ्रष्टाचार निवारन ऐन २०५९ को दफा १९ को उपदफा (२) बमोजिम जनही ३ महिना कैद र रु १०,०००।— रुपैया जरिवाना हुने ठहर गरि अन्य प्रतिवादीहरुलाईआरोप दावीबाट सफाई हुने ठहर गरि भएको फैसला सो हदसम्म त्रुटिपुर्ण देखिएकोले उक्त फैसला बदर गरि निज प्रतिवादीहरुलाई आरोप दावीबमोजिम सजाय गरि पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गरिन्छ। |